नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 25 No 8 Monthly International Edition of Herald of His Coming August 2024

वर्ष २५, अङ्क ८ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (भदौ, २०८१)

ख्रीष्टको पूर्णता - सन्तहरूको खजाना

Christ's Fullness- The Saint's Treasary

By Charles H. Spargeon

हामी यी दुइवटा वाक्याइसहरूलाई विचार गर्दै आजको बाइबल अध्ययन सुरु गर्नेछौं। "उहाँमा सबै पूर्णता वास गर्नुपर्छ भन्ने कुरा पितालाई खुशी लाग्यो (कलस्सी १ :११)" "र उहाँको पूर्णताबाट हामी सबैले प्राप्त गरेका छौं, अनुग्रहबाट अनुग्रह ।" (यूहन्ना १: १६)

येशूमा अनन्त पूर्णता छ, यो एउटा यस्तो पूर्णत हो जसले कुनै पनि सन्तलाई अनुग्रहको उच्चतम तहमा उकास्न सहयोग पुऱ्याउँछ। र यो स्तरमा पुऱ्याउनको लागि सबै कुराहरू प्रदान गर्न सक्दछ। यदि पापलाई जित्नै पर्ने हो भने त्यसलाई विजय गर्ने शक्ति उहाँको पूर्णतामा वस्दछ। यदि सद्गुण गर्नुपर्दछ भने पवित्रीकरण गर्ने ऊर्जा ख्रीष्टको सिद्धान्तमा अवस्थित छ। मेरो शरीरमा कुनै शक्ति छैन, किनकी म आफै खाली छु ममा त्यो साकार हुन्छ। परमेश्वरको वचनले म आफै खाली छु र ममा त्यो साकार हुन्छ। परमेश्वरको वचनले भन्दछ "म विना तिमीहरूले केही गर्न सक्दैनौं।" (यूहन्ना १५ :५) तर सम्पूर्ण कुरा गर्न सक्ने शक्ति ख्रीष्टमा छ। सन्तहरूपूर्ण समर्पण गर्ने शक्ति ख्रीष्ट वाट नै आउँछ। " परमेश्वरमा सबै कुरा सम्भव छ।" (मत्ती ११: २६) "उहाँमा परमेश्वरको सबै पूर्णता शारीरिक रुपमै बस्दछ।" (कलस्सी २ :९) यदि कोही मानिस ख्रीष्टमा पूर्ण रुपले समर्पित छ भने ख्रीष्ट तिनीहरूको मध्यस्थ हुनुहुनेछ र उहाँको जीवन सन्तहरूमा सर्नेछ।

एउटा कुरा विचार गरौं भोकमरी बाट वच्नको लागी ख्रीष्टले मानिसहरूलाई धेरै रोटि दिनुहुँदैन। उहाँले सन्तहरूलाई एउटा राजकीय भोजमा बोलाउनु भएको छ।उहाँले सन्तहरूलाई थोरै लुगामात्र दिनु भएन जसले हाम्रो नग्नतालाई थोरै मात्र ढाक्न सक्दछ तर उहाँले सन्तहरूलाई सबै भन्दा राम्रो पोशाकद्वारा पहिराउन चाहनुहुन्छ। सन्तहरूको कानका लागि मुन्द्रा, घाँटिको लागि हार, टाउकोको लागि मुकुट पहिराउने उहाँको इच्छा छ। किनभने सम्पूर्ण सन्तहरूले यसरी नै परमेश्वरको इच्छा र अभिप्रायलाई बुझ्नुपर्दछ। उहाँले यसै गर्न चाहानुहुन्छ। मानिलिनुहोस् यदि तपाईंसंग यी खजानाहरू छैनन् भने, गल्ति तपाईं सँग छ। परमेश्वरसँग यी खजानाहरू छन् तपाईंको विश्वासको कमिले यो तपाईंकहाँ नआएको हो, यस्तो हुनु तपाईंको विश्वासको कमि हो ।हामी धेरै चोटी फोहोरको थुप्रोमा वसेको भिखारी जस्तै हुन्छौ। गरिब भएको कारणले कराउँछौं, र चिच्याउँछौं। संसारिक कुरा यस्तै

हो हामी त जस्तो सुकै अवस्थामा पनि प्रभुमा रमाउनु पर्ने थियो । कसैलाई दोष दिने होइन । हामी कराउँछौं भने आफैलाई धिक्कारेर होइन प्रभुसंग माग्दै चिच्याउन सक्छौं । यो हरेक विश्वासीको अधिकार पनि हो । ख्रीष्टमा हामी उहाँको प्रेमको कारणले धेरै धनि छौं, ख्रीष्ट हामी खजाना हुनुहुन्छ, म तपाईंलाइ आग्रह गर्न चाहान्छु कि फोहोर र मा होइन उच्च स्थानमा जानुहोस् र ख्रीष्ट येशूमा परमेश्वरको पूर्णता आफैमा लागि महसुस गर्नुहोस् ।

वास्तविकता यो हो की ख्रीष्ट हाम्रो विचमा प्रचुर मात्रामै हुनुहुन्छ । चर्चमा भएका संघर्षका वारेमा हामीले धेरै कुराहरू गर्नुको सट्टा, नकारात्मक कुराहरू गर्नुको सट्टा परमेश्वरसँग महान आशा राखेर वर्षाको वाढिले पहाडलाई ढाकेझैं । हाम्रो जीवनमा आशिषको वर्षले ढाकोस् भनी पूर्ण आशा गर्नुहोस् । पहाड माथि परेको पानी जसरी हरेक समस्याहरूलाई छिचोल्दै खोला सम्म आइपुग्छ, त्यसरी परमेश्वरको आशिषको झरी हाम्रो जीवनमा आउने छ । म त दिनु भएको होस् भनी प्रार्थना गरौं, परमेश्वरले हामीलाई जुन शक्ति दिनुहुन्छ, त्यो पूर्णताको लागि हामी फोहोर तिर हैन माथि तिर कराउँछौं ।

ख्रीष्टले सन्तहरूलाई दिन खुशी हुनुहुन्छ :

पिताले आफ्नो अनुग्रह ख्रीष्टमा राख्नुभएको छ, यसले उहाँले आफ्ना पुत्रलाई देखाउनु भएको प्रेम हो । परमेश्वरको महान हृदयलाई ख्रीष्टमा ल्याउनु पाउँदा उहाँ खुशी हुनुहुन्छ । येशूले परमेश्वरको प्रेमलाई मानिसहरूको विचमा प्रदर्शन गर्नुहुन्छ । म तपाइंको लागी प्रार्थना गर्दछु परमेश्वर तिर तपाई जानुहोस् जहाँ सन्तहरूलाई चाहिने खजानाको भण्डार छ । तपाईंको हृदयलाई जति चाहिन्छ त्यति उहाँसंग लिनुहोस् । यो परमेश्वरको अनुग्रहबाट हुने कुरा हो । तपाईले जे पनि माग्नुहुन्छ ख्रीष्ट तपाईंलाई दिन सधैं खुशी हुनुहुन्छ ।

म तपाईंको जीवनमा पवित्र महत्वकांक्षा जागेको चाहन्छु । म तपाईंलाई ख्रीष्टियन सेवाको सबैभन्दा उच्चतम विन्दुमा लैजान चाहन्छु । तपाईंले प्राप्त गर्नु भएको छ त्यसको निम्ति योग्य मानिस होइन तर त्यो परमेश्वरले ख्रीष्टद्वारा गर्नुभएको वाचा हो । वास्तवमा ख्रीष्ट तपाईंको हुनुहुन्छ, र उहाँसँग भएका सबै तपाईकै हुन किनभने उहाँमा हाम्रो हिस्सा छ । यस्तो लेखिएको छ "जसले आफ्ना निज पुत्रलाई वाँकी राख्नु भएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुने छैन र ?" (रोमी ८ : ३२)

म तपाईंलाई आग्रह गर्न चाहन्छु यो वचन तपाईको हृदय भित्र गड्न दिनुहोस्, जब तपाईं आफू प्रार्थनामा संकुचित भएको महसुस गर्नुहुन्छ र भन्न सक्नुहुन्न, कति पटक यसो होइन ? 'मैले बाइबल ले भनेको गर्नै सक्दिन' म तपाईंलाई आग्रह गर्दछु कि, तपाईंले आजसम्म प्राप्त गरेका उपहारहरूलाई सम्झनु होस आज तपाईलाई ख्रीष्टले ती भन्दा ठूला कुराहरू दिन चाहनुहुन्छ, अब मुख खोल्नुहोस् हात पसार्नुहोस् । पिताले पुत्र दिनुभयो, पुत्रद्वारा हरेक कुरा तपाईलाई दिन उहाँ तयार हुनुहुन्छ ।

म कतिपटक मेरो वर्तमान अवस्थाहरूबाट असन्तुष्ट भएको थाहा गर्दछु । त्यति बेला मेरा प्रभुलाई मैले अझै राम्रोसँग चिन्नु पर्दछ । आजसम्म मैले जे गरे त्यो भन्दा दस गुणा बढ्ता गर्न चाहन्छु । के तपाईंले पनि यस्तै महसुस गर्नु भएको छ ? त्यसो हो भने उहाँ तपाईको नजिकै हुनुहुन्छ तपाईंले सोचेको भन्दा अझै बढ्ता दिन उहाँ आतुर हुनुहुन्छ ।

ठुला कुराको आशा गर्नुहोस् :

जब तपाईसँग ठुलो विश्वास हुन्छ । उहाँले तपाईंलाई ठूलै कुरा दिनुहुन्छ । आत्मिक चमत्कार तिर ध्यान दिऔं, सेनाहरूका प्रभु हाम्रो साथमा हुनुहुन्छ त्यसैले ठूला कुराको आशा गरौं । अब पवित्र आत्माको शक्तिमा ख्रीष्टको खोजि गरौं, के तपाईंले आफूलाई यो कुरामा तयारी देख्नुहुन्छ ? यस संसारमा धेरै मानिसहरूले जीवन अर्पण गरेका छन् । तिनीहरूलाई दिन पिता सधैं खुशी हुनुहुन्छ त्यो मानिस तपाईनै हो ।

प्रार्थना र कामको शक्ति

Power For Praying And Working

Andrew Murray (1828 - 1917)

"साँचो, साँचो म तिमीहरुलाई भन्दछु, जसले ममाथि विश्वास गर्दछु, त्यसैले मैले गरेका काम पनि गर्नेछ, र ती भन्दा ठूला कामहरु पनि गर्नेछु, किनभने म पिता कहाँ गइरहेको छु । तिमीहरुले मेरो नाउँमा जे सुकै मागेता पनि पुत्रमा पिताको महिमा होस भनेर म त्यो गर्नेछु ।" (यूहन्ना १४ :१२ - १३)

येशू ख्रीष्टले आफ्ना चेलाहरुलाई पहाडमा चढेर सिकाउनु भयो । र उहाँले यूहन्नाद्वारा लेखिन पुस्तकमा उहाँको सन्देश अन्त भएको देख्न सकिन्छ । यी दुवै घटनामा प्रार्थना गरिएको छ तर एकदमै फरक -फरक तरिकाले । डाँडामा गरिएको उपदेश सहितको प्रार्थनामा चेलाहरुको लागि प्रार्थना गरिएको छ र यो मुख्य गरि चेलाहरुको खाँचो पूर्ति गर्ने विषयमा केन्द्रित छ भने यस्तै तिनीहरु भर्खरै ख्रीष्टलाई चिन्दै थिए र एउटा नयाँ विद्यालयमा प्रवेश गर्दै थिए । तिनीहरुले डाँडाको उपदेशबाट ख्रीष्टनै प्रभुहुनुहुन्छ र सबैका पिता उहाँनै हनुहुन्छ भन्ने कुरा थाहा पाए । यो प्रार्थनाको केन्द्र तिनीहरुको व्यक्तिगत आवश्यकता तिरै केन्द्रित भएको छ । तर यूहन्नाको पुस्तकमा गरिएको विदाइ संवोधनमा अव चेलाहरुको तालिम पुरा भएको विषयमा केन्द्रित देखिन्छ । यो प्रार्थनाले अव के गर्ने भन्ने बारेमा स्पष्ट पारेको छ । पहिलेको घटनामा हामीले सिक्नुपर्ने मुख्य कुरा के भने, परमेश्वरलाई अनुभव गर्नको लागि वालक जस्तै हुनुपर्दछ, विश्वाससाथ प्रार्थना गर्नु पर्दछ, त्यसपछि पिताले तिमीहरुलाई सबै उत्तम कुराहरु दिनुहुनेछ भन्ने नै हो । यो सेवाको सुरुवात दिन थियो भन्ने यूहन्नाको पाठमा उहाँले दिएका उपदेशहरु आगामी दिनहरुमा कसरी प्रयोगमा ल्याउने र के कस्ता चुनौतीहरु आइपर्दछन् भन्ने विषयमा स्पष्ट सिकाइएको छ । किनभने अब चेलाहरु नयाँ युगमा प्रवेश गर्दै थिए ।

हेरौं त यी दुवै घटनाहरु कसरी प्रार्थना सँग सम्बन्धित छन् । यी दुवै घटनाहरुलाई जोडेर हेर्दा एक पाठ्यक्रम जस्तो देखिन सक्दछ । पृथ्वीमा उहाँको शरीरको रुपमा स्वर्गमा उहाँसँग एकतामा भएका व्यक्तिका रुपम अब तिनीहरुले उहाँले गरेका भन्दा पनि महान काम गर्नुपर्ने थियो । यस विषयमा उहाँले दुईवटा कारणहरु उल्लेख गर्नुहुन्छ । पहिलो, किनभने उहाँ पिता कहाँ जाँदै हुनुहुन्थ्यो त्यसको लागि चेलाहरुले उहाँको सम्पूर्ण शक्ति प्राप्त गर्न सकून भने र दोश्रो चाहिँ, किनभने अब चेलाहरुले येशूको नाममा जेसूकै कुरा पनि माग्न सक्दछन् र त्यसलाई प्राप्त गर्न सक्दछन् ।

येशूले भन्नुभएको यो खण्डलाई विचार गरौ त उहाँ भन्नुहुन्छ "किनभने म पिता कहाँ जाँदैछु ।" "जे तिमीहरुले माग्ने छौ म गर्नेछु ।" यसको सामान्य अर्थ ख्रीष्ट पिताकहाँ जानुने विस्वासीहरुको विचमा दुई गुणा आशिष ल्याउने छ । तिनीहरुले उहाँको नाउँमा माग्ने अधिकार प्राप्त गरेका छन् । जसको परिणाम स्वरुप तिनीहरुले उहाँले भन्दा महान कामहरु गर्नेछन् । हाम्रा उद्धारकर्ताको विदाईको सन्देशले हामीलाई मुख्य गरी दुईवटा अत्यन्त महत्वपूर्ण पाठहरु सिकाउँछ । जसले येशूले गरे जस्तै काम गर्न चाहन्छ उसले प्रार्थनामा

माग्नु जरुरी छ । साथै जसले उहाँको नाउँमा प्रार्थना गर्छ उसले उहाँको नाममा काम गर्नु पर्दछ ।

महान् कामहरुको लागि शक्तिशाली प्रार्थना गर्नुहोस्

जसले परमेश्वरको काम गर्दछ उसले प्रार्थना गर्नुपर्दछ । काम गर्ने सामर्थ्य प्रार्थनाद्वारा मात्र प्राप्त गर्न सकिन्छ । जसले विश्वाससाथ येशूले गरेका कामहरु गर्न चाहन्छ उसले उहाँको नाउँमा प्रार्थना गर्नुपर्दछ । जब येशू पृथ्वीमा हुनुहुन्थ्यो । उहाँले मानिसले गर्न नसक्ने कामहरु गर्नुभयो । चेलाहरुले निकाल्न नसकेका दुष्ट आत्माहरु येशूको नाम सुन्ने वित्तिकै भागे । जब उहाँ पिता सँग जानुभयो, त्यही काम गर्नको लागि अब उहाँ यस पृथ्वीमा शारीरिक रुपमा त हुनुहुन्न । अब चेलाहरु उहाँको शरीरको रुपमा यस पृथ्वीमा रहेका थिए । स्वर्गबाट आजको दिनमा पनि चेलाहरुलाई उहाँले दिनु भएको जिम्मेवारी पुरा गर्न उहाँले शक्ति दिइरहनु भएको छ तर हामी त्यो शक्ति लिन तयार छौ कि छैनौं फरक यतिमा मात्र हो ।

कसैले यसरी प्रचार गरेको सुनेको थिए जसले येशूलाई स्वर्ग तिर जान लागेको देखे तिनीहरुले मात्र येशूले गरेका भन्दा महान कामहरु गर्न सक्नेछन् । त्यसपछि का चेलाहरुले त्यो शक्ति प्राप्त गर्न सक्ने छैनन् र तिनीहरु कमजोर हुँदै जाने छन् । वास्तवमा त्यस्तो कुरा विल्कुलै होइन उहाँका चेलाहरुका चेलाहरुले पनि महान शक्तिशाली कामहरु गर्नेछन् त्यसै कारणले उहाँले भन्नुहुन्छ "साँचो, साँचो म तिमीहरुलाई भन्दछु, जसले म माथि विश्वास गर्दछु, मैले गरेका कामहरु उसले पनि गर्नेछ, र ती भन्दा अझै ठुला कामहरु पनि तिमीहरुले गर्नेछौं ।"

उहाँलाई थाहा थियो कि उहाँको मृत्यु नजिकीदै थियो । त्यतिबेला उहाँले दिनुभएको सन्देसले यो कुरा स्पष्ट पार्दछ कि अब उहाँको काम उहाँका चेलाहरुले गर्नुपर्दछ । खीष्टको पुनउत्थान का शक्ति कस्तो महान छ विचार गर्नुहोस् त यसले संसारलाई नै चकित पारिदिएको छ । उहाँले चेलाहरुलाई उहाँ जानुनै पर्दछ र तिनीहरुको विचमा वास गर्नको लागि पिताले उहाँको नाउँमा सल्लाहकार पढाइदिनु हुनेछ जो पवित्र आत्मा हुन हुन्छ । वास्तवमा यो प्रतिज्ञा उहाँले पुरा गर्नु भयो । खीष्ट र चेलाहरुको उहाँ नाउँमा सल्लाहकार पढाइदिनु हुनेछ जो पवित्र आत्मा हुनुहुन्छ । वास्तवमा यो प्रतिज्ञा उहाँले पुरा गर्नु भयो । अहिले उहाँ स्वर्गको सिंहासनमा हुनुहुन्छ र चेलाहरु पृथ्वीमा छन्, खीष्ट र चेलाहरुको विचको एकताले उहाँले भन्नुभएका सम्पूर्ण कामहरुको जिम्मेरी चेलाहरुलाई दिनुभयो र यसको शाब्दिक अर्थ चेलाहरुद्वारा आज पनि खीष्टको काम भइनैरहेको छ । त्यसैकारणले येशूले भन्नुभयो "म पिता कहाँ जाँदैछु तिमीहरुले मैले गरेका भन्दा महान् कार्यहरु गर्नेछौं ।

यो विषय कसरी सत्य सावित भयो हामी विचार गरौ त, येशूको यस पृथ्वीको प्रत्यक्ष देखिने सेवाको दौरानमा उहाँले पाँचसय सुन्दर बढ्ता चेलाहरु बनाउनु भयो । तीमध्ये अधिकांशले त उहाँलाई चेला भएको श्रेय नै दिन सकेका थिएनन् तर कुनै चेलाहरु हेर्नुहोस त जस्तै पत्रुस र पावललाई उहाँले गरेका भन्दा अझै महान कामगर्ने जिम्मा उहाँले भन्नुभएको "मैले भन्दा तिमीहरुले महान कामहरु गर्नेछौं भन्ने येशूको वाणी पूरा भएको होइन र ?

एउटा कुरामा हामी होसियार हुनु जरुरी छ, यो वाक्यासलाई विचार गरौं । "जसले म माथि विश्वास गर्दछ, त्यसले मात्र येशूले गरेका भन्दा महान कामहरु गर्नेछ । म पिता कहाँ जाँदैछु तिमीहरुले मेरो नाउँमा जे पनि मान्नेछौ, त्यो म गर्नेछु । " यो खण्डमा खीष्ट केन्द्रित विषय छ होइन र ? उहाँ पिता कहाँ जानुको अर्थ उहाँले चेलाहरुका प्रार्थना सुन्नु हुनेछ र चेलाहरुलाई

नयाँ शक्ति दिनको लागि हो । येशूले भन्दा महान काम गर्नको लागि दुईवटा कुराहरुको आवश्यकता पर्दथ्यो पहिलो पितासँग जानु भनेको शक्ति प्राप्त गर्न र दोश्रो हाम्रो प्रार्थना उहाँको नाउँमा गर्नुपर्दछ किन भने यसरी हामीले पुनः शक्ति प्राप्त गर्न सक्दछौं ।

उहाँले पितासँग अनुमति लिएर काम गर्नुभयो त्यसरी नै हामीले पनि अझै महान काम गर्नु खीष्टसँग केन्द्रित भएर माग्नु पर्दछ । जब हामी विश्वास गर्दछौ, र उहाँको नाउँमा प्रार्थना गर्दछौं, त्यसपछि हामीमा शक्ति आउँछ र हामीले येशूले गरेका भन्दा अझै ठूला ठूला कामहरु गर्न शक्ति प्राप्त गर्दछौं । हामी आफ्नो शक्तिमा कति कमजोर छौ तर खीष्टको शक्तिमा हामी कति वलवान हुनेछौं । उहाँको शक्तिमा आफूलाई कहिलै कमजोर नठान्नुहोला । हामी आज विचार गरौं त के संसार भरीका विश्वासीहरुले येशूले भन्दा महान काम गर्न किन सकेका छैनन् ? उत्तर स्पष्ट छ कि हामीले येशूको नाउँमा मागेको छैनौं र उहाँसँग महान विश्वासको प्रार्थना पनि गरेका छैनौं, अब हामीले सोच्नु पर्ने बेला आएको छ किन हाम्रो विचमा यो येशूले भन्नुभएको वचन खल्लो भएको छ ।

हे प्रियहरु, मण्डलीमा बाल - अनाथ गृहमा सेवामा स्वदेशीहोस् वा विदेशमा नेता गढ हरेकले यो कुरा सिकेको म चाहन्छु :

येशूसँग प्रार्थना गर्नु भनेको तपाईंको सेवामा सम्बन्धित मानिसहरुलाई त्यो अभियानमा सहभागि गराउनु हो । येशूको यसै शक्तिमा विश्वास गर्नेले मात्र जीवनमा महान कामहरु गर्न सक्छ । हाम्रो जीवनमा हुने कमजोरीहरु, अयोग्यताहरु, कठिनाई तथा अयोग्यताले हुने धेरै गुनासोहरुलाई येशूले यसरी उत्तर दिनुहुन्छ । "जसले म माथि विश्वास गर्दछ, उसले मैले भन्दा अझै महान कामहरु गर्नेछ । किनकि म परमेश्वरकहाँ जाँदैछु र तिमीहरुले मेरो नाउँमा जे पनि माग्दछौ, त्यो म गर्नेछु ।" हामीले यो कुरा बुझ्नु पर्दछ जो कोहीले येशूको सेवा गर्दछ पहिलो कुरा उसले उहाँमा विश्वास गर्नु पर्दछ र उ सर्वशक्तिमान सँग जोडिनु पर्दछ । र उहाँको नाउँमा विश्वास सहितको प्रार्थना गर्नु पर्दछ । यो सास्वतः सत्य विना हामीले गरेको काम केवल मानव सेवा र शारीरिक मात्र हुन्छ । यसले पापलाई रोक्न वा आशिषको वाटो तयार गर्न केही उपयोगिता हुन सक्दछ तर वास्तविक शक्तिको भने अभाव भइरहने छ । हाम्रो सेवा वा प्रभावशाली काम गर्नु हो भने सबैभन्दा पहिले खीष्टको नाउँमा प्रार्थनामा समय विताउन अतिनै आवश्यक हुन्छ ।

आफुलाई उहाँको काममा समर्पिता गर्नुहोस् । अव दोश्रो कुरा के भने जो कोहीले परमेश्वरको काम गर्न चाहन्छ उसले काम गर्नु पर्दछ । काम गर्न शक्ति प्रार्थनाले दिन्छ । यहाँ प्रार्थनाको शक्तिको वारेमा धेरै प्रतिज्ञाहरु दिइएका छन् । यो काम गर्दा नै विश्वासको प्रभावकारी प्रार्थनाको शक्ति प्राप्त हुनेछ । हाम्रा धन्य प्रभुका यी अन्तिम शब्दहरुमा हामी पाउन सक्दछौं कि उहाँको प्रतिज्ञालाई दावा गर्दै हामीले प्रार्थना दोहोऱ्याइ रहन सकिन्छ (यूहन्ना १४ :१३ - १४, १५ : ७, १६ : २३ - २४) यी खण्डमा लेखिएका शब्दहरुले हाम्रो हृदयलाई सधैं ताजा बनाएको छ । यी छ वटा कुराहरुलाई विचार गरौं त किनभने यी शब्दहरु घरि घरि दोहोरिनु पनि कुनै कारण हुन् । "जुनसुकै कुरा" केहि पनि "जसलाई तिमीहरु चाहन्छौ" माग "र तिमीले पाउनेछौ" यी शब्दहरु दोहोरिनु पर्ने कारण महत्वपूर्ण भएर नै हो ।

कति जना विश्वासीहरुले यी शब्दहरुलाई आनन्द र आशा साथ पढेका छन् र आफ्नो आत्मिक जीवनको निम्ति आवश्यक पर्ने कुराहरु लिएका छन् । कतिपटक सन्दर्भ भन्दा वाहिर गएर पढ्दा उल्टा अर्थ लगाएर कित मानिसहरु निरासमा परेको पनि मैले देखेको छु कित जनाले येशूलाई आफ्नो आरामको सेवक बनाउन चाहेका छन् ।

तर जो कोही विश्वासीले प्रभावकारी प्रार्थना गर्न चाहान्छु उसले खीष्टलाई केन्द्र बनाउनै पर्दछ । प्रार्थनाले केवल का मगर्न सिकाउँदै र शसक्त बनाउँछ, कामले प्रार्थना गर्न सिकाउँछ र शसक्त बनाउँछ । यो प्राकृतिक र आध्यात्मिक दुनियाँ दुवैमा मिल्ने कुरासँग पूर्ण रुपमा मिल्दोजुल्दो छ । जसले प्राप्त गरेको छ उसलाई दिइनेछ वा जो धेरै कुरामा इमान्दार छ ठूलोमा पनि ऊ इमान्दार हुन्छ ? हामीले पहिलेनै प्राप्त गरेको सानो मात्राको अनुग्रहले आफूलाई मालिकको कामको लागि दिनुपर्दछ तव : काम हाम्रो लागी वास्तवमै प्रार्थनाको पाठशाला हुनेछ ।

हामीले पुरानो करारमा हेरौंभने, मोशाले विद्रोही मानिसहरुको सम्पूर्ण जिम्मा लिनु परेको थियो । उनको निम्ति यो विभिन्न प्रश्नहरु सोधिन गएको थियो तर उनले परमेश्वरसँग प्रार्थना गरेर निडर भए, साहस सित यो काम पूरा गर्न सके । परमेश्वरसँग उनले यी मानिसहरु सँग कस्तो व्यवहार गर्नुपर्ने हो । प्रार्थनाद्वारा मागे (प्रस्थान ३३:१२, १५, १८) जव तपाईंले आफ्नो सम्पूर्ण जीवनलाई परमेश्वरको काम सम्पूर्ण गर्नुहुन्छ, तपाईंले यो पनि महसुस गर्नु हुनेछ कि उहाँका महान प्रतिज्ञाहरु तपाईलाई चाहिएकै कुराहरु थिए । यसरी तपाईंले आत्माविश्वासका साथ अपेक्षा गर्न सक्नुहुनेछ ।

येशूमा विश्वास गर्न तपाईंलाई बोलाइएको हो, तपाईं त्यसको लागि नियुक्ति हुनुभएको हो । उहाँले तपाईंद्वारा ...शक्तिशाली कामहरु गर्न चाहनु हुन्छ । उहाँ त्यो कुरा फेरि दोहोऱ्याउनु हुन्छ " जे पनि तिमीहरुले मेरो नाउँमा माग्नेछौ म गर्नेछु ।" कस्तो महान प्रतिज्ञा अब तपाईंले आफूलाई समर्पण गर्नुहोस् र उहाँको निम्ति बाँच्नुहोस् । अब तपाईंले प्रार्थना गर्न सिक्नुहुनेछ र तपाईको विश्वास पनि बढ्दै जानेछ । आफैमा विश्वासले भरिएका चेलाहरुका साथ, र महान कुरा माग्न प्रार्थना गर्ने साहसका साथ, खीष्टले यस संसारमाथि विजय हासिल गर्नुहुनेछ ।

हे मेरा प्रभु ! आज मैले तपाईबाट फेरि एक पटक यस्तो आवाज सुनेको छु, जब मेरो बुझाई भन्दा धेरै पर छ । तर म बालकको जस्तो सरल विश्वासमा यसलाई लिने र यसलाई मेरो उपहारको रुपमा राख्न बाहेक अरु केही गर्न मैले सक्दिन । हामीले यो पनि अरुलाई सिकाउँछौं कि अरु ले पनि प्रार्थनाको यो शक्तिलाई बुझ्नेछन्, तिमीहरुले पनि अझ महान कामहरु गर्नेछन् । के हामी यसो भन्न सक्छौं "प्रभु म तपाईंलाई यहि भावना मान्दछु र तपाईको प्रतिज्ञा पुरा हुने अपेक्षा राख्दछु । मेरो सम्पूर्ण जीवन तपाईमा निर्भर रहनेहोस् मेरो हृदयलाई शुद्ध र पवित्र बनाउनुहोस्, तपाईको प्रेम मेरो हृदयमा कोमलताका साथ आउन सकोस् । तपाई माथिको मेरो विश्वास नै मेरो सास फेर्न प्राण वनोस् ।

हामीले जे जानेका छौं त्यसैको आधारमा उहाँसँग माग्नुपर्दछ । तपाईंको शक्ति सिंहासनबाट तल बगेर आउँदछ । तपाईंले मलाई दिएको शक्तिमा सधै मलाई सहभागि बनाउनुहोस् । तपाईंले प्रतिज्ञा गर्नु भएको शक्ति मेरो जीवनका अनेक पक्षमा प्रदर्शन गर्नुहोस् । हे प्रभु मैले तपाईंको प्रतिज्ञामा विश्वास गर्दछु, मेरो सानो विश्वासलाई क्षमा गर्नुहोस् । मैले तपाईंको नाउँलाई कम सम्मान गरेकोमा क्षमा गर्नुहोस्।

प्रभु ! मलाई प्रार्थना गर्न सिकाउनुहोस्, ताकि म तपाईंको नाम दुष्टसँग लड्नको लागि पर्याप्त छ भनी प्रमाणित गर्न सकूँ । प्रभू ! मलाई काम र प्रार्थना गर्न सिकाउनुहोस् । प्रभु ! मलाई काम र प्रार्थना गर्न सिकाउनुहोस् । प्रभु ! म तपाईंको महिमा गर्न चाहन्छु, म वाट महान कामहरु गर्नुहोस् प्रभु । म तपाईसँग माग्न चाहान्छु र यो सत्यता अरुहरुलाई सिकाउन चाहन्छु "प्रार्थना गर्दै सिक्दै" (खीष्टसँग प्रार्थनाको पाठशाला)

एण्ड्रयूमुर्रेद्वारा रचना गरिएको सन्देश सारांश

खीष्ट जीवनको साँचो स्रोत !

(Christ The Trace spring of life)

By J.C.Ryle

"दाखको बोट म हुँ, तिमीहरू चाहिँ हाँगाहरू हौ । यदि कोही म मा रह्यो भने र म त्यसमा रहे भने, त्यसले धेरै फल फलाउँछ, किनकी म बाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ ।" (यूहन्ना १५:५)

हामी अहिले सम्म जति गरेका छौं त्यो भन्दा बढ्ता खीष्टसँग रहन प्रयास गर्नुपर्दछ । खीष्ट नै प्रत्येक विश्वासीको आत्माको साँचो जीवनको श्रोत हुनुहुन्छ । खीष्ट त्यो शिर हुनुहुन्छ जसमा हरेक अंग निर्भर रहन्छ । त्यो नै वास्तविक पवित्रताको आधारशिला हो । जब मैले परमेश्वरका जनहरू जहिले जस्तो पवित्र नभएको देख्दछु त्यसको रहस्यलाई म बुझ्न सक्दछु कि ऊ पहिले जस्तो खीष्टमा अडिक छैन । फल प्रशस्त बुने आशा गर्ने हो भने हामी जरामा ध्यान दिनुपर्दछ ।

भाईहरू हो ! हामी हामी खीष्टसँग निजिकको सम्बन्ध कायम राख्न प्रयास गरौं । हामी बारम्बार उहाँ तर्फ जाऔं, उहाँसंग बारम्बार बोलौं, उहाँमा पूर्ण विश्वास गरौं, उहाँतिर निरन्तर हेरौं उहाँमाथि पूर्ण रुपमा भरोसा राखौं । यसरी हामी थकान विना संकटको बाटो नै भएता पनि विना डर दौडने छौ । परमेश्वरका पुत्रमा विश्वासको जीवन जीउन हामी प्रयास गर्नेछौं । उहाँ दाखको बोट हुनुहुन्छ, हामी चाहिँ हाँगाहरू हौं । हाम्रा सम्पूर्ण शक्तिहरू उहाँबाट प्राप्त गर्नुपर्दछ । उहाँबाट अलग रहेर हामीले केही पनि गर्न सक्दैनौं । उहाँ नै धार्मिकताको सूर्य हुनुहुन्छ । हाम्रो सान्त्वना उहाँमा खोजौं । हाम्रो मनोदशा र भावनाहरूमा विश्वास नगरौं ।

खीष्ट जीवनको रोटी हुनुहुन्छ । हामी हरेक दिन त्यो रोटिलाई खानेछौं । इस्राएलीहरूले मन्न खाए जस्तै दैनिक रोटी खाऔं तर आफ्ना भावना र अनुभवमा बाँच्नु हुँदैन । खीष्टको रगत हाम्रो शान्ति हो, उहाँको मध्यस्थता हाम्रो सान्त्वना हो, उहाँको वचन हाम्रो अधिकरा हो, उहाँको अनुग्रह हाम्रो शक्ति हो, उहाँको सहानुभूति हाम्रो सहायता हो, उहाँको दोश्रा आगमन हाम्रो आशा हो । अरुहरूले विभिन्न पुस्तकबाट सिकाउन कोशिस गर्दा तर तपाईं र मैले खीष्टलाई अध्ययन गर्न तर्फ नै समय विताउनुपर्छ ।

हामी खीष्टलाई हाम्रो उद्धारकर्ताको रुपमा धेरै मात्र चिन्दछौं । तर ओहो ! हामीले उहाँमा भएको पूर्णताको कति थोरै अंश देखेका छौं । विश्वास गर्नुहोस् यदि हामीले उहाँमा सितैमा र पूर्ण क्षमाको आर्शीवादहरू लाई महसुस गर्न सकेका थियौं भने, हामी विल्कुलै फरक प्रकारको मानिस हुने थियौं ।

जसले खीष्टमा रगतद्वारा आत्मा सुद्धिकरणको महसुस गर्दछ । उसको जीवन परिवर्तन हुनेछ, ऊ साँच्चै मानिस हुनेछ र त्यस्तै प्रकारका मानिसहरूले मात्र बाइबल भने जस्तै प्रशस्त फलहरूले फल्न सक्दछ । त्यहाँबाट धेरै उत्पादन सुरु हुन्छ । जसले खुशीसाथ परिश्रम गर्नेछ, त्यसले नै धैर्यतापूर्वक सहन गर्नेछ । त्यस्तो व्यक्ति साँच्चीकै पवित्र हुन्छ । त्यसैले नै धेरै फलहरू उत्पादन गर्नेछ । त्यसैले आत्माविश्वासपूर्ण गवाही दिनेछ, दृढतापूर्वक अघि बढ्नेछ र प्रेमले न्यानो रहने छ । छुटकरा सधैं उसको मलमा ताजा रहनेछ, उसको विचार "प्रभुले म प्रति गर्नु भएका सबै उपकारहरूको खातिर र म उहाँलाई के दिन सक्छु ?" (भजन संग्रह ११६ : १२) हुनेछ ।

भाइहरू हो ! खीष्टलाई अझै नजिकबाट चिनौं, दैनिक रुपमा क्रुसको नजिक जाऔं । हामी येशूका पाऊ मुनि बसौं , जस्तो पावलले भनेका थिए हामी पनि त्यसरी नै भन्ने प्रयास गरौं "किनकी मेरो निम्ति जिउनु खीष्ट हो, र मर्नु लाभ हो ।" (फिलिस्पी १ : २१) यो हाम्रो जीवनको लक्ष हुने हो भने हामी अवस्य बढ्ने छौ ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com